गरुडा नगरपालिका

Garuda Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of The Municipal Executive

गरुडा, रौतहट

Garuda, Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

**आ.व.२०८०।०८१ को लागि आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी दर भाउ पत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०/०६/२२**

यस कार्यालयको मिति २०८०।०५।२५ गतेको निर्णय अनुसार यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम निम्न अनुसारको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले तपसिलको दर रेट मा निम्न शर्तहरुको पालना गर्ने गरी राजश्व कार्यालयमा स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि (भ्याट) मा दर्ता प्रमाण पत्र प्राप्त गरेका ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यसै नगरपालिका कार्यालयबाट विकी हुने टेन्डर फारम रितपूर्वक भरि शिलबन्दी गरी करमा नवीकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र र आ.व.२०७९।०८० सम्मको आयकर चुक्ता प्रमाण पत्र समेतको प्रमाणित प्रतिलिपी सहित संलग्न गरी २१ दिन भित्र यस न.पा.कार्यालयमा पेश गर्न हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | ठेक्काको किसिम | कर उठाउने पर्ने क्षेत्र | न्युनतम कबोल अंक (मु.अ.कर बाहेक) | टेण्डर फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १/२०८०/०८१ | गरुडा पशु बजार | गरुडा पशु बजार (गरुडा न.पा.४) | १५,००,०००।- | १,०००।- | |
| २/२०८०/०८१ | महम्मदपुर शिवनगर तरकारी बजार | महम्मदपुर शिवनगर तरकारी बजार क्षेत्र (गरुडा न.पा.५) | ३,००,०००।- | १,०००।- | |
| ३/२०८०/०८१ | रघुनाथपुर विर्ता तरकारी बजार | रघुनाथपुर विर्ता तरकारी बजार क्षेत्र (गरुडा न.पा.९) | १,००,०००।- | १,०००।- | |
| ४/२०८०/०८१ | महम्मदपुर झाँझनदी माछा ठेक्का | गरुडा न.पा.को क्षेत्र भित्र | १,५०,०००।- | १,०००।- | |

शर्तहरु

१. ठेक्काको अवधि सम्झौता भएको मिति देखि मिति २०८१ साल आषाढ मसान्त सम्म हुनेछ ।
२. टेण्डर फारम मिति २०८०।०६।२२ गते देखि मिति २०८०।०७।१२ गते बेलुका ५:०० बजे सम्म खरिद गर्नु पर्नेछ ।
३. टेण्डटर फारम शिलबन्दी गरी मिति २०८०।०७।१३ गते दिनको १२:०० बजे सम्म यस न.पा.कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
४. रितपूर्वक दर्ता हुन आएको गोप्य शिलबन्दी दरभाउ पत्रहरु मिति २०८०।०७।१३ गते दिउँसो २:०० बजे खोलिनेछ । सो दिन विदा परेमा सो को भोलिपल्ट ।

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गरुडा नगरपालिका
Garuda Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
गरुडा, रौतहट
Garuda, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

५. धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा कबोलें रकम अंकको ५% र विदेशी नागरिकको हकमा कबोल रकम अंकको १०% रकम एन.आई.सि.एसिया बैंक लि.गरुडा स्थित यस न.पा.को धरौटी खाता नं.01CA052591852403 मा जम्मा गरी सक्कलै भाउचर वा बैंक ग्यारेन्टी गोप्य शिलबन्दी फारम संग पेश गर्नु पर्नेछ ।

६. शिलबन्दी दर भाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु सो को भोलिपल्ट हुनेछ ।

७. ठेक्का कबोल गरेको रकम स्वीकृत दरभाउ पत्रदाताले एकमुष्ट बुझाउनु पर्नेछ र सो वापत १०% सहुलिय स्वरुप छुट दिइनेछ ।

८. शिलबन्दी फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नुपर्नेछ ।

९. दरभाउ पत्र स्वीकृत भएको ७ दिनभित्र रकम बुझाउन नआएमा धरौटी जफत गरी क्रमशः अर्को टेण्डर स्वीकृत गरिनेछ ।

१०. प्रचलित कानून अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयमले यस कर्यालयमा नगदी दाखिला गर्नु पर्नेछ ।

११. कानूनले निषेधित गरेको वस्तु वा सामानमा कर लिन पाइने छैन । साथै न.पा.ले विकास निर्माण कार्यमा प्रयोग गर्ने बस्तुमा कर लिन पाइनेछैन र सो वापत कुनै माफी मिन्हाको दाबी गर्न पाइनेछैन ।

१२. बन्द हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा ठेकेदार स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयबाट कुनै क्षतिपुर्ति वा मिन्हा पाइनेछैन ।

१३. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस न.पा.कार्यालयलाई रहनेछ ।

१४. शर्तहरु पालना गर्न नसक्ने ठेकेदारको ठेक्का यस कार्यालयले तोड्न सक्नेछ ।

१५. न.पा.ले निर्धारण गरेको दर रेटमा नबढाई शुल्क उठाउनु पर्नेछ ।

१६. यसमा नखुलेका शर्त तथा अन्य कुरा प्रचलित ऐन, कानून र यस न.पा.को निर्णय अनुसार हुनेछ ।

२०८०/०६/२९
(मुहम्मद मुस्ताक आलम)
प्रमुख प्रशासकीय अधिकृत

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner